# जोरायल गाउँपालिका

# योजना अनुगमन तथा सुपरिवेक्षण समिति

# द्धारा

# जोरायल गाउँ कार्यपालिकाको बैठक समक्ष प्रस्तुत

# अनुगमन प्रतिवेदन

## जोरायल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## रावतकट्टे, डोटी

**मिति २०८० असार २९ गते शुक्रबार**

## १. परिचयः

जोरायल गाउँपालिकाद्धारा चालु आ.व. २०७९/०८० मा संचालित विभिन्न योजनाहरुको समग्र अनुगमन प्रयोजनका लागि "जोरायल गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०७८" को दफा ३ को उपदफा (१) ले व्यवस्था गरे बमोजिम गठित अनुगमन तथा सुपरिवेक्षण समितिले योजना सम्झौता देखी कार्यसम्पन्न हुने समयसम्म विभिन्न मितिमा गरेको स्थलगत अनुगमन, निरीक्षण तथा गाउँबासीहरुको छलफलको आधारमा विभिन्न राय, सुझाव, आवश्यक सूचना तथा तथ्याङ्क संकलन गरी यस समितिमा ती राय, सुझाव, सूचना तथा तथ्याङ्कहरुको व्यापक छलफल तथा समिक्षा गरी निस्किएको निचोडको आधारमा यो अनुगमन प्रतिवेदन तयार गरिएको छ।

समितिबाट गरिएको अनुगमनको शिलशिलामा गाउँपालिकाबाट संचालित विकास आयोजनाहरुको भौतिक प्रगति, वित्तीय समस्या, व्यवस्थापकीय कमजोरी लगायतका विभिन्न समस्याहरुको बारेमा यथार्थ र विस्तृत रुपमा जानकारी लिने अवसर प्राप्त भयो। योजना कार्यान्वयनको विविध पक्षको अध्ययन गरी कार्यान्वयनको चरणमा के कस्ता समस्याहरु आइपर्दा रहेछन, आगामी वर्षहरुमा गाउँपालिकाबाट योजना छनौट तथा संचालन गर्दा कुन कुन पक्षहरुमा ध्यान दिनुपर्ने रहेछ जस्ता कुराहरुमा गाउँबासीहरुसंग पत्यक्ष रुपमा छलफल गरी सुझाव संकलन गर्ने र जानकारी लिने अवसर प्राप्त भएको छ।

## २. अनुगमनको औचित्यः

जनताको करबाट संकलित रकमबाट नै देशको विकास निर्माणका सम्पूर्ण गतिविधिहरु संचालन हुन्छन। साथै त्यस्ता विकास आयोजनाहरुलाई दिगो र गुणस्तरीय बनाउन सम्बन्धित उपभोक्ताहरुको नै ठूलो योगदान हुने गर्दछ। कुनै पनि आयोजनाहरु सफल रुपमा संचालन गर्न गाउँपालिकाले मात्रै एक्लैले गरेको प्रयास सफल नहुन पनि सक्छ। त्यसकारण गाउँपालिकाद्धारा संचालित योजनाहरुको अनुगमन समितिका पदाधिकारी, सरोकारवाला व्यक्ति तथा समुदायले संयुक्त रुपमा अनुगमन तथा निरीक्षण गरी देखिएका समस्याहरु, कार्यान्वयनको क्रममा देखिएका राम्रा पक्षहरुको बारेमा वृहत छलफल गरी गाउँ कार्यपालिकाको कार्यालयलाई मार्गदर्शनको रुपमा सुझाव प्रस्तुत गरिएको छ।

## ३. अनुगमनको उद्देश्यः

- आयोजना कार्यान्वयनमा सहजिकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लगि आवश्यक निर्देशन दिने।
- कार्यतालिका बमोजिम आयोजना कार्यान्वयन भए नभएको यकिन गरी नभएको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने।
- विभिन्न आयोजनाहरुको कार्यसंचालनको स्थिति, गुणस्तरको अवस्था तथा उपभोक्ताहरुको राय, सुझाव समेतको आधारमा आयोजनाहरुको अनुगमनका क्रममा देखिएका समस्याहरुको लेखाजोखा गरी आवश्यक सुझाव सहित प्रतिवेदन तयार गरी कार्यपालिका समक्ष पेश गर्ने।
- विकास निर्माण कार्यमा स्थानीय सहभागिता वृद्धि गर्ने।

## ४. अनुगमन तथा सुपरिवेक्षण समितिका पदाधिकारी:

संयोजक श्री जमुना कुमारी बोहरा (गाउँपालिका उपाध्यक्ष)

सदस्य श्री गणेश दत्त भट्ट (प्रमुख प्रशासकीय अधिकृत)

सदस्य श्री नविन ओझा (वडा अध्यक्ष, ३ नं. वडा)

सदस्य श्री खगिता वि.क. (कार्यपालिका सदस्य)

सदस्य सचिव श्री चन्द्र सिंह ऐडी (प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख)

**आमन्त्रित सदस्यहरु:**

सम्बन्धित विषयगत क्षेत्रको संयोजक

सम्बन्धित विषयगत क्षेत्र हेर्ने कर्मचारी

कार्यपालिका सदस्यहरु

सम्बन्धित वडाका वडा सदस्यहरु

## ५. समितिको काम, कर्तब्य र अधिकार:

- योजना तथा कार्यक्रमबाट अपेक्षा गरिएको नतिजा प्राप्तिका लागि सहजीकरण गर्ने ।
- गाउँपालिकाबाट सञ्चालित योजना अनुगमनका लागि वार्षिक कार्यतालिका बनाई कार्यपालिकालाई जानकारी दिने,
- कार्यतालिका अनुसार नियमित र आवश्यकता अनुसार आकस्मिक अनुगमन तथा निरीक्षण गर्ने,
- अनुगमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार समितिका कृयाकलापहरुमा विज्ञलाई संलग्न गराउने,
- अनुगमन सम्पन्न भएको सात दिनभित्र सोको प्रतिवेदन कार्यपालिकामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्ने गराउने,
- अनुगमनको क्रममा देखिएका विषयमा सुधारका लागि सम्बन्धित प्राविधिक तथा सम्बद्ध उपभोक्ता समिति, परामर्शदाता एबम् निर्माण व्यबसायीलाई निर्देशन दिने,
- योजना तथा कार्यक्रम कार्यान्वयनको सन्दर्भमा देखा परेका विवाद वा समस्याहरुको समाधानका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,
- योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणको क्रममा कुनै हिनामिना, अनियमितता वा तोकिएको गुणस्तर र परिमाण नभएको व्यहोरा यकिन हुन आएमा आवश्यक कारबाहीको लागि रायसहित कार्यपालिकामा पेश गर्ने,
- अनुगमन कार्यको वार्षिक प्रतिवेदन तयारी गरी आर्थिक वर्षको अन्तिममा कार्यपालिकामा पेश गर्ने,
- समितिको वार्षिक प्रतिवेदन प्रत्येक वर्षको श्रावण महिनाभित्र कार्यालयको वेबसाइट र अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने ब्यवस्था मिलाउने ।

## ६. अनुगमन विधिः

अनुगमन समितिलाई कार्यविधिले निर्देश गरे बमोजिम आयोजना स्थलमा सरोकारवाला समेतको सहभागितामा प्रत्यक्ष रुपमा निरीक्षण गर्ने, लाभान्वित वर्ग तथा सरोकारवालाहरुसंग छलफल तथा अन्तक्रिया गर्ने, आयोजनाको लागत इस्टिमेटको अध्ययन तथा सो अनुसार फिल्डमा कार्य भए नभएको हेर्ने, आयोजनाको खर्च सार्वजनिक तथा सार्वजनिक परीक्षण गर्ने, संचालित आयोजनाको औचित्य, आवश्यकता र महत्वको बारेमा समेत व्यापक रुपमा स्थानीय संग छलफल र परामर्श गरी सोही आधारमा आयोजनाहरुको विविध पक्षहरुको व्यापक व्याख्या तथा विश्लेषण गरिएको छ।

## ७. अनुगमनको क्षेत्रः

यस अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गरेका जोरायल गाउँपालिकाद्धारा चालु आ.व. २०७९/०८० मा विभिन्न वडाहरूमा संचालित तपसिलका योजनाहरूलाई यस अनुगमन तथा सुपरिवेक्षण समितिको क्षेत्र अन्तर्गत समेटिएको छ।

**तपसिलः**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| | जोरायल गाउँपालिका | | | |
| १ | जोरायल खेलकुद भवन निर्माण | ८,०० | ७,९७ | ९९.७१ |
| २ | जोरायल रेडक्रस भवन निर्माण क्रमागत | ७,०० | ६,९१ | ९८.७७ |
| ३ | अध्यक्ष निवास घेरवार र गेट निर्माण | १०,०० | ९,९९ | १००.०० |
| ४ | गाउँपालिका स्टोर घर निर्माण | २०,०० | १९,९१ | ९९.५८ |
| ५ | पशु सेवा केन्द्रको भवन माथि तला थप | १२,०० | १२,०० | १००.०० |
| ६ | सामुदायिक स्वास्थ्य भवन निर्माण दह | ५,०० | ४,९७ | ९९.६० |
| ७ | गैरलेक मन्दिर भान्सा घर निर्माण | ५,०० | ४,७६ | ९५.२७ |
| ८ | तुषे पुरान सडक | ४,०० | ४,०० | १००.०० |
| ९ | पर्यटकियस्थल छहरा झरना सडक निर्माण क्रमागत | २२,०४ | २२,०४ | ९९.९६ |
| १० | पर्यटकियस्थल छहरा झरना सडक निर्माण क्रमागत | ९,०० | ८,६१ | ९५.७१ |
| ११ | मडयौल दह सिस्मडा सडक | ८,०० | ७,९० | ९८.८४ |
| १२ | बाजीलेक देखी मालिका मन्दिरसम्म सडक निर्माण वडा नं. २ | १७,२९ | १६,८६ | ९७.५४ |
| १३ | बाजीलेक गुयली सडक मर्मत | ३,९५ | ३,९४ | ९९.९४ |
| १४ | बाजिलेक देखि मालिका मन्दिरसम्म सडक निर्माण | ८,३९ | ८,३८ | ९९.९० |
| १५ | भानकोट सडक निर्माण | ४,०० | ३,९८ | ९९.६० |
| १६ | सैगडी गाड स्ल्याब निर्माण | ५,०० | ४,७९ | ९५.८५ |
| १७ | बसौटी सिराड सडक | ८,०० | ५,२९ | ६६.२५ |
| १८ | थली सडक निर्माण | ४,०० | २,०० | ५०.०० |
| १९ | थली सडक निर्माण | ४,०० | २,३६ | ५९.१० |
| २० | धारापानी देखि डाँडाखाली स्तरोन्नती योजना | ४,०० | ३,८२ | ९५.७३ |
| २१ | बाजिलेक देखि मालिका मन्दिरसम्म सडक निर्माण | ८,९० | ८,८९ | १००.०० |
| २२ | पर्यटकीयस्थल छहरा झरना सडक निर्माण क्रमागत | ६०,०० | २२,४६ | ३७.४५ |
| २३ | गाजरी सिस्याडी खैगाड सडक निर्माण | ८,०० | ७,९७ | ९९.६४ |
| २४ | इखडा सडक निमार्ण | ४,०० | ४,०० | १००.०० |
| २५ | डाडापुर्खे देखी धउलेखान सडक निर्माण | ५,०० | ४,७४ | ९४.९८ |
| २६ | चौकी बन्वार खतेडा सडक निर्माण | ८,०० | ५,७० | ७१.३५ |
| २७ | धारापानी स्ल्याब पुल | ४,०० | ४,०० | १००.०० |

| | | | | |
|---|---|---|---|---|
| २८ | पत्थरगडा सडक निर्माण | ४,०० | ४,०० | १००.०० |
| २९ | ट्रान्सफर्मर खरिद तथा विधुत विस्तार | ४४,०० | ४३,५७ | ९९.०४ |
| ३० | सिमलखेत सिंचाई योजना (क्रमागत) | ४,०० | ३,८१ | ९५.२७ |
| ३१ | डढीया खेत सिंचाई योजना | ३,५० | ३,४९ | ९९.७८ |
| ३२ | बल्डवार सिंचाई योजना | ४,०० | ३,८२ | ९५.५७ |
| ३३ | साहुघाट सिंचाई योजना | ४,०० | ३,८२ | ९५.५१ |
| ३४ | धनरास सिचाई योजना मर्मत वडा नं ४ | ५,०० | ४,९२ | ९८.५८ |
| ३५ | कोटेली सिंचाई योजना | ४,०० | ३,९९ | ९९.७८ |
| ३६ | डडियाखेत सिंचाई नहर नवलपुर | ४,०० | ३,८९ | ९७.३९ |
| ३७ | पातलीखोला सिंचाई योजना (गडाखर्क) | ४,०० | ४,०० | १००.०० |
| ३८ | फलेदा खानेपानी मर्मत | ४,०० | ३,९४ | ९८.६९ |
| ३९ | होलेसेन खानेपानी निर्माण क्रमागत | ४,०० | ४,०० | १००.०० |
| ४० | ऐतोडा लिफ्ट खानेपानी | ४,०० | ३,८० | ९५.२१ |
| ४१ | गोल्ला काफली खानेपानी मर्मत | ४,०० | ३,६७ | ९१.८२ |
| ४२ | पिपलकण्डे खानेपानी मर्मत | ४,०० | ३,७५ | ९३.८५ |
| ४३ | वडा न ५ सडक सफाई | ५,०० | ४,७२ | ९४.४९ |
| ४४ | ४ न वडा स्तरीय सडक सरसफाई | ४,०० | ३,८४ | ९६.०० |
| ४५ | वडा स्तरीय सडक सरसफाई योजना ,2 | ५,०० | ४,७६ | ९५.२६ |
| ४६ | पालशाक्य गुम्बा बुडर पर्खाल तथा घेरबार निर्माण | ५,०० | ५,०० | १००.०० |
| ४७ | मेलखोला बडिमालिका कृषि समूह भवन निर्माण | ४,०० | ३,७९ | ९४.९९ |
| ४८ | ६ न वडा सडक सरसफाई योजना | ५,०० | ४,७९ | ९५.९७ |
| ४९ | चडेपानी खार रोड कटिङ योजना | ५,०० | ४,७४ | ९४.८८ |
| ५० | घन्टेश्वर मा.वि. घेरबार तथा रंगरोगन | ४,०० | ३,८३ | ९५.८८ |
| ५१ | कृष्णपादुका मन्दिर व्यवस्थापन | ५,०० | ५,०० | १००.०० |
| ५२ | छहरा पर्यटकीय क्षेत्र व्यवस्थापन | ४,०० | ३,८३ | ९५.८९ |
| ५३ | पालशाक्य गुम्बा बुडर पर्खाल तथा घेरबार निर्माण | ५,०० | ४,७९ | ९५.९३ |
| ५४ | डिलासैनी बाल विकास भवन | ४,०० | ३,८२ | ९५.५९ |
| जोरायल गाउँपालिकावडा नं.१ | | | | |
| ५५ | वडास्तरिय सडक मर्मत | ५,०० | ४,७८ | ९५.६६ |
| जोरायल गाउँपालिकावडा नं.२ | | | | |
| ५६ | धारापानी सडक मर्मत | ४,०० | ३,८२ | ९५.५९ |
| ५७ | सौर्य सडक बत्ति जडान | ६,५० | ५,९९ | ९२.३१ |
| जोरायल गाउँपालिकावडा नं.३ | | | | |
| ५८ | अगेरा साहनीगाउँ खानेपानी निर्माण | ३,५० | ३,३४ | ९५.६३ |
| जोरायल गाउँपालिकावडा नं.४ | | | | |
| ५९ | नकु स्वास्थ्य इकाई भवन निर्माण | ४,०० | ३,८३ | ९५.९० |
| ६० | सिलिङबाग सिमलखेत सडक मर्मत | ४,०० | ३,८१ | ९५.३७ |
| ६१ | ओखडानी नाचन्थली सडक | ४,०० | ३,८३ | ९५.८२ |
| जोरायल गाउँपालिकावडा नं.६ | | | | |
| ६२ | सानिगाड डाडागाउँ सडक निर्माण | ५,०० | ४,७९ | ९५.९० |
| ६३ | ग्वानी सडक निमार्ण | ५,०० | ४,७६ | ९५.३९ |

| | | | | |
|---|---|---|---|---|
| ६४ | विठोडा सितोली पियलकाँडा सडक निर्माण | ५,०० | ४,७९ | ९५.८४ |
| ६५ | सिर्सि सडक निर्माण | ५,०० | ४,७६ | ९५.३२ |
| | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | | | |
| ६६ | तेल्परा कफ्तडी , देउजाल कमला नदी, गद्सिल शान्तिनगर, जोरायल गाउँपालिका, डोटी | २५,०० | १५,७५ | ६३.०३ |
| ६७ | नवीकरणीय ऊर्जा प्रवधि जडान (वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा) | ८,०० | ७,९८ | ९९.७७ |
| ६८ | वस्ति लिफ्ट खा.पा.आ. जोरायल गा.पा. २ डोटी | ७,५० | ७,४५ | ९९.४० |
| ६९ | ज्वलावन पर्यटकीय ताल संरक्षण जोरायल गा.पा. १, सुनलेख, डोटी | १०,०० | ७,३२ | ७३.२५ |
| ७० | भगवती मन्दिरु निर्मण जोरायल गा पा ५ सिमरा गडसेरा डोटी | ७,५० | ६,९१ | ९२.१८ |
| ७१ | विरवेतालको मन्दिर निर्माण जोरायल ४ सिराड | ५,०० | ४,९८ | ९९.७१ |
| ७२ | खेलकुद पूर्वाधार निर्माण वडा नं. 4 | ८,०० | ७,९७ | ९९.७४ |
| ७३ | भगवती देवी मन्दिर निर्मण जोरायल गा पा ४ नख्खु डोटी | ७,५० | ५,६३ | ७५.०९ |
| ७४ | जठे देवता भणार जोरायल गा.पा ५, गडसेरा, डोटी | ७,५० | ७,५० | १००.०० |
| ७५ | वेरुपाटा मष्टा मन्दिर जोरायल गा.पा १, बेरपाटा, डोटी | १०,०० | ९,८२ | ९८.२४ |
| ७६ | दुर्गा देवी मन्दिर जोरायल गा पा २ दह डोटी | १०,०० | ९,९८ | ९९.८५ |
| ७७ | सिद्धबाराही मन्दिर निर्माण जोरायल गा.पा ४ सिराड , डोटी | ७,५० | ७,४९ | ९९.९८ |
| ७८ | मसानी कुन्ड तथा मन्दिर निर्माण जोरायल गा.पा ५,फल्दा डोटी | ५,०० | ४,७९ | ९५.९८ |
| ७९ | सरस्वती मन्दिर जोरायल गा.पा १, मणीपुर डोटी | ५,०० | ४,९८ | ९९.६६ |
| ८० | भावर सैन मन्दिर जोरायल ई डोटी | ७,५० | ७,२० | ९६.०२ |
| ८१ | कालि भगवतीको मन्दिर जोरायल गा.पा १, गोगनपानी डोटी | १५,०० | १४,९८ | ९९.९३ |
| ८२ | जठे देवता भणार जोरायल गा.पा ५, गडसेरा, डोटी | ७,५० | ७,३२ | ९७.७० |
| ८३ | मसानी देवता मन्दिर जोरायल गा.पा ३, टाटर डोटी | ५,०० | ४,९७ | ९९.४२ |
| ८४ | काफलडाडाको मन्दिर जोरायल गा.पा १, गोगनपानी डोटी | ५,०० | ४,९८ | ९९.६२ |
| ८५ | समैजी मन्दिर निर्माण जोरायल गा पा १ गोगनपानी डोटी | ७,५० | ७,४४ | ९९.३० |
| ८६ | सरस्वती मन्दिर जोरायल गा.पा ४, देउथला डोटी | १०,०० | ९,९५ | ९९.५४ |
| ८७ | ओखरारुख गैरीखोला नाउलो जोरायल गा पा १ तल्लावडाखेत डोटी | ७,५० | ४,४५ | ५९.३५ |
| ८८ | मालिकका भगवती मन्दिर जोरायल गा पा ६ गुनड डोटी | ५,२५ | ५,२४ | ९९.९५ |
| ८९ | मसानी देउता मन्दिर निर्माण जोरायल २ डोटी | ७,५० | ७,४५ | ९९.४० |
| ९० | मार्मे जगन्नाथ मन्दिर जोरायल गा पा ३ गडाखर्क | ७,५० | ७,३८ | ९८.४४ |
| ९१ | अकणकाँजि मन्दिर जोरायल गा पा १ घण्टेश्वर मणिपुर, डोटी | ७,५० | ७,४७ | ९९.६८ |
| ९२ | भगवति मन्दिर निर्माण जोरायल गा पा १ खडीना डोटी | ७,५० | ७,४८ | ९९.७७ |
| ९३ | गोरखकाली मन्दिर जोरायल गा.पा २, गुराउससारी बाजलेख, डोटी | ५,०० | ४,९० | ९८.१६ |
| ९४ | बडी चौतारा देखि चाका केदार सम्म पदमार्ग जोरायल गाउँपालिका ५ गुवान मुसेपाटा,डोटी | ३५,०० | ३२,७७ | ९३.६५ |
| ९५ | मट्टे देवताको मन्दिर निर्माण जोरायल गा पा ४ नक्कु खाली डोटी | ७,५० | ७,४९ | ९९.९४ |
| ९६ | ठुला देउता मन्दिर जोरायल गा पा १ चपरचानी डोटी | ५,२५ | ५,२२ | ९९.५० |
| ९७ | निभाउने मन्दिर जोरायल गा.पा ५ कोलकट्टे, सिलङ्गगाड, सिसमगडा डोटी | ७,५० | ७,०७ | ९४.३८ |
| ९८ | चौका केदार मन्दिर जोरायल गा पा ५ डोटी | ७,५० | ५,५० | ७३.३८ |
| ९९ | श्री कृष्णचरण धाम धर्मशाला निर्माण जोरायल गा.पा २ ,बाजलेख, डोटी | १८,७५ | १८,६६ | ९९.५३ |
| १०० | भगवती मन्दिरु निर्मण जोरायल गा पा ५ सिमरा हडरानी डोटी | ७,५० | ७,४५ | ९९.३५ |
| १०१ | मामैजगनाथ मन्दिर निर्माण जोरायल गा.पा १, स्यानीखाईगाड डाटी | ७,५० | ७,२३ | ९६.५३ |
| १०२ | मट्टे केदार मन्दिर जोरायल गा पा ६ तितैले डोटी | ७,५० | ७,२३ | ९६.४७ |
| १०३ | मातनी देवता मन्दिर निर्माण जोरायल गा पा ४ कुच्चे खोला किर्तिपुर डोटी | ७,५० | ७,४९ | ९९.९९ |

| | | | | |
|---|---|---|---|---|
| १०४ | महामही जगत नाथ मन्दिर जोरायल गा.पा ३ , गडाखर्क डोटी | ५,०० | ४,९८ | ९९.७६ |
| १०५ | नेपाल जलवायु नमुना कार्यक्रम | १,००,०० | ९९,६४ | ९९.६५ |
| १०६ | अङणे देवताको मन्दिर जोरायल गा पा १ खार गाउँ डोटी | ७,५० | ७,४७ | ९९.७१ |
| १०७ | शिवको मन्दिर जोरायल १ खडिना | ५,०० | ४,९८ | ९९.७१ |
| १०८ | पिपलकण्डे निराल मन्दिर जोरायल गा पा ४ डोटी | ७,५० | ७,४८ | ९९.७९ |
| १०९ | मालिका मन्दिर जोरायल गा.पा ६ , गुनड डोटी | ७,५० | ४,३२ | ५७.६१ |
| ११० | मणालिग देवता मन्दिर जोरायल गा पा ३ रिठारा बाझाखेत डोटी | १५,०० | १४,९४ | ९९.६४ |
| १११ | सरस्वती मन्दिर जोरायल गा  पा २ बाजिलेक डोटी | ७,५० | ७,३३ | ९७.८६ |
| ११२ | भैरव नाथ मन्दिर जोरायल गा पा ४ लस्कर डोटी | ५,२५ | ५,२१ | ९९.४१ |
| ११३ | कालिका मन्दिर जोरायल गा.पा १ भानाकोट दलितबस्ती डोटी | १०,०० | ९,९८ | ९९.८८ |
| ११४ | भैरवनाथ मन्दिर निर्माण जोरायल २ डोटी | ७,५० | ७,४३ | ९९.१८ |
| ११५ | छेडेपानी(केदार धार्मिक स्थल संरक्षण जोरायल गा.पा ५,गडसेरा स्यालकोटीला डोटी | ७,५० | ७,२० | ९६.१० |
| ११६ | मष्टा मन्दिर जोरायल गा.पा ६, सित्तोली , डोटी | १५,०० | १४,८९ | ९९.३० |
| ११७ | मंगलेश्वर मन्दिर निर्माण जोरायल गा पा ५ चौकी डोटी | ७,५० | ६,८३ | ९१.१४ |
| ११८ | मालिका मन्दिर जोरायल गा.पा ६, गुनड, डोटी | १०,०० | ९,९० | ९९.०० |
| ११९ | सरस्वती मन्दिर जोरायल गा.पा ४, बाजलेख डोटी | १०,०० | ९,७५ | ९७.६० |
| १२० | चौका केदार मन्दिर जोरायल गा.पा ५, गडसेरा, डोटी | १५,०० | १०,९९ | ७३.३३ |
| १२१ | काफलडाडाको मन्दिर जोरायल गा.पा १, तिलाचौड तोली डोटी | ७,५० | ७,४८ | ९९.८६ |
| १२२ | गङ्गौरी मन्दिर जोरायल २, तल्लो रिठा डोटी | ५,०० | ४,९७ | ९९.५६ |
| १२३ | डुणा देवता मन्दिर जोरायल गा.पा ६,वसैटी डोटी | ७,५० | ७,४७ | ९९.६८ |
| १२४ | राह देवता मन्दिर जोरायल गा.पा ४ चुचुनढुङ्ख डोटी | १०,०० | ९,९९ | ९९.९७ |
| १२५ | अरणे देवता मन्दिर जोरायल गा.पा ४, सिराड, डोटी | १५,०० | १०,१७ | ६७.८२ |
| १२६ | समैजी मन्दिर जोरायल गा.पा ६, दह  डोटी | ५,०० | ४,९६ | ९९.३५ |
| १२७ | मालिका भगवती मन्दिर जोरायल गा.पा ६, डोटी | ५,०० | ३,३५ | ६७.१० |
| १२८ | परणे देवता मन्दिर जोरायल गा.पा ३, सुदिखोला डोटी | ५,०० | ४,९९ | १००.०० |
| १२९ | काली भगवती मन्दिर जोरायल १ गोगनपानी डोटी | ७,५० | ७,४८ | ९९.७८ |
| १३० | बागेश्वरी देवताको मन्दिर निर्माण जोरायल गा पा ३ गडाखर्क | ७,५० | ७,४९ | १००.०० |
| १३१ | महादेव मन्दिर जोरायल गा पा ४ डोटी | ७,५० | ७,४९ | १००.०० |
| १३२ | असिम मन्दर जोरायाल गा पा ३ शिवपुर डोटी | ५,२५ | ५,२५ | १००.०० |
| १३३ | मसानीमाणु मर्मत जोरायल गा पा ५ बबनकट्टे डोटी | ७,५० | ६,६९ | ८९.३० |
| १३४ | कृष्ण मन्दिर जोरायल गा पा २ थामडाडा डोटी | ७,५० | ७,४७ | ९९.७१ |
| १३५ | कालाभैरव मन्दिर तथा पदमार्ग निमाण जोरायल गा.पा २, गजार डोटी | १०,०० | ९,९९ | ९९.९५ |
| १३६ | परणे पिनाकेस्वर मन्दिर जोरायोल गा पा ३ डोटी | ५,२५ | ५,२० | ९९.०८ |
| १३७ | सरस्वती मन्दिर जोरायल गा।पा २, रामपर नमुना मा वि डोटी | १०,०० | ७,४६ | ७४.६९ |
| १३८ | कृषि उपज भन्डारणका लागि Cold chamber निर्माण | २४,०० | १७,२१ | ७१.७२ |
| १३९ | ब्रहा ब्रम्हा मन्दिर निर्माण जोरायल गा पा १ घोरडी डोटी | ७,५० | ७,४७ | ९९.७१ |
| १४० | अम्बरे भगवती देवको मन्दिर जोरायल गा पा ५ गडसेरा डोटी | ७,५० | ७,२१ | ९६.१७ |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | | | | |
| १४२ | बाजीलेक लिफ्ट खानेपानी, वडा नं. २ | ७५,०० | ७०,३२ | ९३.७७ |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | | | | |
| १४३ | वडा कार्यालय भवन निर्माण, वडा नं. २, बुडर | २५,०० | २४,९७ | ९९.९० |

## ८. अनुगमन तथा सुपरिवेक्षणको क्रममा देखिएका विविध पक्षहरुः

- सुरुवाती समयमा समितिले गरेको अनुगमनको शिलशिलामा कतिपय आयोजनाहरुको हकमा लागत ईष्टिमेट तयार नगरी बजेट विनियोजन भएको कारण साना-साना योजना पनि एक आ.व. मा सम्पन्न गर्न नसकिने र एउटै सानो योजनामा हरेक बर्ष बजेट विनियोजन गर्नुपर्ने अवस्था देखियो ।
- गत आर्थिक वर्षमा नै गाउँसभाबाट स्वीकृत भएका कतिपय योजनाहरु चालु आर्थिक वर्षको दोस्रो चौमासिक पछि मात्र सम्झौता गर्न आउने प्रवृतिले आर्थिक वर्षको अन्त्यमा निर्माण कार्य सम्पन्न गर्न कठिन भएको अवस्था अनुगमनको क्रममा भेटियो ।
- कतिपय योजनाहरु स्थानीय विवादका कारण सुरु गर्न नै नसकेको अवस्था समेत देखियो ।
- उपभोक्ता समिति मार्फत संचालन भएका आयोजनाहरुको अनुगमन तथा निरीक्षण गर्न गठित अनुगमन समितिका पदाधिकारीहरु अपेक्षाकृत रुपमा निस्क्रिय रहेको पाइयो ।
- उपभोक्ता समितिमा पनि अध्यक्ष, सचिव र कोषाध्यक्ष वाहेक अन्य सदस्यहरु प्रकृया पुरा गर्न मात्र समितिमा बसेको तर योजनाको लागत ईष्टिमेट र बजेटको सिमा सम्बन्धमा चासो नराखेको देखियो ।
- उपभोक्ता समिति तथा अन्य समिति मार्फत संचालन गर्ने भनि गाउँपालिकाको कार्यालयसंग सम्झौता भएका कतिपय योजनाहरु घटिघटाउमा तेस्रो पक्षलाई ठेक्कामा दिई योजना संचालन भएको पाइयो ।
- सार्वजनिक परीक्षण गर्दा भेला नबोलाएर पहिलेकै उपभोक्ता समितिको आमभेलाको माइन्यूट तथा फोटो राख्ने गरेको पाइयो ।
- उपभोक्ता समितिका पदाधिकारीहरु बाहेक अन्य लाभग्राहीहरुलाई आफ्नो टोलवस्तीका योजनाको बारेमा कुनै जानकारी नहुने गरेको पाइयो ।
- योजनाको निर्माण कार्यका लागि सम्झौता गर्ने, काम संचालन गर्ने भनि पेश्की लिने तर काम भने ढिलो शुरु गर्ने गरेको पाइयो ।

## ९. अनुगमन तथा सुपरिवेक्षणको क्रममा देखिएका समस्याहरुः

- समयमा अनुगमन गर्न यातायातको असुविधा भएको ।
- वर्षातको समयमा बाटोघाटो अवरुद्ध भै योजना स्थलमा जान नसकिएको ।
- उपभोक्ता समितिलाई तालिम दिंदा समेत नियम, कानून र विधि प्रक्रियाका विषयमा चासो नदिएको ।
- उपभोक्ता समितिले समयसमयमा प्राविधिकहरुसंग इष्टिमेट तथा निर्माण प्रक्रियाका सम्बन्धमा सोधपुछ गर्नुपर्नेमा नगरेको देखियो ।
- उपभोक्ता द्धारा लागत अनुमान (इष्टिमेट) बमोजिम काम नगरी बढी विल उठाउन प्राविधिकहरुलाई दबाब दिने गरेको ।
- योजनाको निर्माण कार्य संचालन गर्नुभन्दा अगाडी नै सूचना पाटी राख्नुपर्नेमा काम सम्पन्न भइसकेपछि मात्र बनाएको ।

- अधिकांस योजनाहरु आ.व. को अन्त्यमा आएर काम गर्ने पवृति कायमै रहेको ।
- कामको गुणस्तर कायम गर्नमा केही उपभोक्ताहरु उदासिन रहेका ।
- सम्झौता बमोजिम निर्धारित समयमा सक्नुपर्ने कतिपय योजनाहरु समयमै सम्पन्न नगरेको ।
- प्राविधिक तथा अनुगमन समितिले दिएको सुझावको वेवास्ता गरेको ।
- वडा स्तरीय अनुगमन समिति योजना कार्यान्वयन चरणमा खासै सक्रिय नदेखिएको ।
- योजना संचालन देखी सम्पन्न सम्म सबै चरणका फोटोहरु पेश गर्नुपर्नेमा सम्पन्न भएका एक दुई फोटो मात्र पेश गर्ने गरेको ।
- केही योजनाहरुको सम्झौता तथा भुक्तानी प्रयोजनका लागि समिति मार्फत कागजातहरु पेश गर्नुपर्ने जनप्रतिनिधि, कर्मचारी र अन्य व्यक्ति मार्फत पेश हुने गरेको ।
- वडा कार्यालयबाट कागजातहरु रुजु नगरेरै सिफारिस गर्ने गरेको ।
- अधिकांश उपभोक्ता समितिले भुक्तानी प्रक्रियाका कागजातहरु पालिका आएर मात्र मिलाउने गरेको ।

**१०.अनुगमनको क्रममा उपभोक्ताहरुबाट आएका सुझावहरुः**

- योजना स्वीकृत भएपछि उपभोक्ता मार्फत संचालन हुने योजनाहरुका लागि गठन भएका उपभोक्ता समितिका पदाधिकारीहरुलाई आयोजना संचालन तथा व्यवस्थापन सम्बन्धी तालिम समयमै प्रदान गर्नुपर्ने ।
- योजना स्वीकृत हुनुभन्दा पहिले लागत अनुमान तयार गरी लागत अनुमानको आधारमा बजेट विनियोजन गर्नुपर्ने ।
- लागत इष्टिमेट अंग्रजीमा हुँदा सबै उपभोक्ताहरुले बुझ्न कठिनाई भएकोले नेपालीमा गर्दा राम्रो हुने ।
- भौगोलिक विकटताका कारण जिल्ला दररेट अनुसार काम गर्न समस्या भएकोले स्थानीय दररेट कायम गर्नुपर्ने ।
- सडक निर्माण कार्य टेण्डर मार्फत संचालन गर्नुपर्ने ।
- श्रमदान घटाउनुपर्ने ।

**११.योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउने उपायहरुः**

- कुनै पनि योजनाहरुको संचालन गर्नु पुर्व, संचालन भइरहेको समयमा र सम्पन्न भइसकेपछि कम्तिमा तीन चरणमा अनिवार्य रुपमा अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था गर्ने ।
- अनुगमन तथा सुपरिवेक्षण समितिले योजनाको अनुगमन तथा सुपरिवेक्षण गरिसकेपछि मात्र अनुगमन प्रतिवेदन दिने कार्यलाई कार्यान्वयनमा ल्याउने ।
- अनुगमन तथा सुपरिवेक्षण समितिका सबै सदस्यहरुले योजनाहरुको स्थलगत अनुगमन गर्ने ।
- योजनाहरुको प्राविधिक नापजाँच र अनुगमन तथा सुपरिवेक्षणको कार्य संगसंगै गर्ने/गराउने ।
- इस्टिमेट अनुसार काम गरे नगरेको नियमित रुपमा अनुगमन गरी सम्बन्धित पक्षलाई सुझाव सल्लाह दिने ।

- उपभोक्ता स्तरीय अनुगमन समितिले उपभोक्ता समितिलाई नियमित रुपमा राय सुझाव सल्लाह दिने तथा योजनाको अनुगमन सुपरिवेक्षण गर्ने ।
- योजनाको निर्माण कार्य संचालन गर्नुभन्दा अगाडी नै आयोजना स्थलमा सूचना पाटी राख्ने ।
- अनुगमन तथा मूल्याङ्कन गर्दा सरोकारवाहरुलाई समेत संलग्न गराई उनिहरुको राय तथा प्रतिक्रिया समेत लिने ।
- वडा कार्यालयबाट कागजातहरु रुजु गरी मात्र सिफारिस गर्ने ।
- योजनाको अनुगमन तथा निरीक्षण कार्यमा वडा स्तरीय अनुगमन समिति सक्रिय हुनुपर्ने ।

**१२.अनुगमन तथा सुपरिवेक्षण समितिको सुझावहरुः**

- उपभोक्ता समिति गठन तथा योजना सम्पन्न भएपछि सार्वजनिक परीक्षण गर्दा सार्वजनिक रुपमा सूचना जारी गरी सबै उपभोक्ता तथा लाभग्राहीहरुलाई जानकारी गराई आमभेलामा सहभागी गराउनुपर्ने ।
- योजना सम्पन्न भएपछि सार्वजनिक परीक्षण गर्दा जनप्रतिनिधि तथा कार्यालयको प्रतिनिधिलाई अनिवार्य रुपमा उपस्थित गराउनुपर्ने ।
- योजना कार्यान्वयनमा प्रभावकारीता ल्याउनका लागि सम्बन्धित वडाको वडा अध्यक्षले वडा सदस्यहरुलाई कार्यक्षेत्र छुट्याएर जिम्मेवारी दिनुपर्ने ।
- कुनै पनि योजनाका लागि बजेट विनियोजन गर्नुभन्दा पहिले लागत अनुमान तयार गरी सम्पन्न गर्न सकिने योजनाहरुमा मात्र बजेट विनियोजन गर्नुपर्ने ।
- गाउँपालिकाले योजना तथा बजेट विनियोजन गर्दा उक्त योजनाको बारेमा सरोकारवाला बीच छलफल गरी विवाद रहित ढंगबाट योजना संचालन हुने यकिन भएपछि मात्र योजना छनौट गर्ने ।
- उपभोक्तालाई निर्माण अवधिमा कुनै प्राविधिक कठिनाई आइपरेमा सम्बन्धित प्राविधिकले समयमै सहजिकरण गर्नुपर्ने ।
- स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत संचालन गर्ने ।
- स्थानीय सीप, श्रोत र साधन उपयोग नहुने तथा मेसिन प्रयोग गर्नुपर्ने आयोजनाको कार्यान्वयन टेण्डर मार्फत संचालन गर्नुपर्ने ।
- अनुगमन तथा सुपरिवेक्षण समितिको सिफारिसमा उत्कृष्ठ र गुणस्तरीय कार्य सम्पादन गर्ने उपभोक्ता समितिलाई सम्मान तथा पुरस्कारको व्यवस्था मिलाउने ।
- समयमै कार्य सम्पादन नगर्ने, गल्ती तथा कमजोरी गर्ने, समयमै पेश्की फर्ट्यौट नगर्ने, प्राविधिक लागत इष्टिमेट अनुसार काम नगरी आफूखुसी काम गर्ने, आर्थिक अनियमितता गर्ने उपभोक्ता समितिलाई दण्ड सजाय गर्ने ।
- मुख्य मुख्य योजनाहरुको अनुगमन गर्न गाउँपालिका अध्यक्षलाई समेत आमन्त्रण गर्नुपर्ने ।

**१३.निष्कर्षः**

समष्टिगत रुपमा हेर्दा गाउँपालिकाद्धारा संचालित आयोजनाहरुको कार्यसंचालनको स्थिति सन्तोषजनक देखिन्छ। उपभोक्ता समितिबाट आयोजना संचालन गर्नुभन्दा पहिले उपभोक्ता समितिका पदाधिकारीहरुलाई आयोजना संचालन तथा व्यवस्थापन सम्बन्धि तालिमलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ । बढीभन्दा बढी लागत सहभागिता हुने आयोजनाहरुलाई गाउँपालिकाले प्राथमिकता दिन सकेमा गाउँपालिका क्षेत्रको विकासमा अझ टेवा पुग्ने देखिन्छ।

**प्रतिवेदकः**

**जमुना कुमारी बोहरा**

**गाउँपालिका उपाध्यक्ष/अनुगमन तथा सुपरिवेक्षण समिति संयोजक**

**जोरायल गाउँपालिका, डोटी**

**योजनाहरुको अनुगमन गर्न जाँदा खिचिएका केही तस्बिरहरु**

# जोरायल गाउँपालिका अन्तर्गतका विभिन्न मन्दिरका योजनाहरूको अनुगमन













# जोरायल गाउँपालिका अन्तर्गतका विभिन्न मन्दिरका योजनाहरूको अनुगमन













# जोरायल गाउँपालिका अन्तर्गतका कृषि जलवायु वातावरण योजनाहरूको अनुगमन













# जोरायल गाउँपालिका अन्तर्गतका कृषि जलवायु वातावरण योजनाहरूको अनुगमन










# जोरायल गाउँपालिका अन्तर्गतका विभिन्न सडक योजनाहरूको अनुगमन















## जोरायल गाउँपालिका अन्तर्गतका विभिन्न भवन योजनाहरूको अनुगमन











## जोरायल गाउँपालिका अन्तर्गतका विभिन्न सिँचाई नहर योजनाहरूको अनुगमन









# जोरायल गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयका योजनाहरूको अनुगमन



